प्रदेश सरकार
प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

## कार्यक्रम सहजकर्ता आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशित मिति :- २०७७/४/२०

यस प्रदेश अन्तर्गत १२ जिल्लाका १०९ वटा स्थानीय तहमा सञ्चालन हुने **मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम**का लागि थप कार्यक्रम सहजकर्ता आवश्यक भएकाले माग भएका जिल्लामा स्थायी बसोवास भएका इच्छुक योग्यता पुगेका नेपाली नागरिकले विज्ञापन प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र रु १० (दश) को टिकट टाँसि दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम यस कार्यालयको वेवसाइट www.ocmcm.p5.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

| विज्ञापन नं. | पद | माग संख्या | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|
| १/२०७७/७८ | कार्यक्रम सहजकर्ता | १५ (पन्ध्र) | कार्यक्रम लागु हुने सम्बन्धित जिल्लाका स्थानीय तहहरु |

१. **आवश्यक शैक्षिक योग्यता तथा अनुभव :-**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको

(ख) सामाजिक परिचालकका रुपमा कम्तीमा ३ वर्ष कार्य गरेको अनुभव भएको (यसका निमित्त सामाजिक परिचालकका रुपमा काम गर्दा सम्बन्धित संस्थाले दिएको नियुक्तिपत्र वा सम्झौतापत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने)

२. **उमेरको हद :-** २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको

३. **सेवाको प्रकारः-** करार

४. **मासिक सुविधाः-** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेबमोजिम हुने।

५. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः-**

(क) स्नातक तहको प्रमाणपत्रका प्रतिलिपिहरु

(ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ग) अनुभवका प्रमाणपत्रका प्रतिलिपिहरु

(घ) समकक्षता खुलाउनुपर्ने आवश्यक भए सो खुल्ने कागजातहरु

(ङ) आवेदन दिएको जिल्लाको स्थायी बासिन्दा भएको प्रमाणपत्र

६. **दरखास्त दिने स्थान** :- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, प्रदेश नं ५, वुटवल, ☎०७१-५५०६५८

७. आवश्यक सम्पूर्ण कागजातहरु स्क्यान गरी यस कार्यालयको ईमेल ठेगाना ocmcm.cmrdp@gmail.com मा समेत आवेदन दिन सकिनेछ।यसरी दरखास्त दिएका आवेदनहरु रित नपुगेको खण्डमा दर्ता गरिने छैन्।

८. **परिक्षाको किसिम** :- स्नातक तहमा प्राप्त गरेको प्राप्ताङ्कका आधारमा घट्दो क्रममा (Descending Order) मा जिल्लागत सूची (short list) तयार गरी अन्तरर्वार्तामा बोलाईनेछ। सो विवरण मिति २०७७।०५।०७ गते भित्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको वेवसाइट www.ocmcm.p5.gov.np मा राखिनेछ।

९. **सहजकर्ता आवश्यक भएका जिल्लाहरु र माग संख्या :-**

| **क सं** | **जिल्ला** | **कार्यक्रम सहजकर्ता माग संख्या** |
|---|---|---|
| १ | नवलपरासी (ब.सु.प.) | २ (दुई) |
| २ | रुपन्देही | ३ (तीन) |
| ३ | पाल्पा | १ (एक) |
| ४ | अर्घाखाँची | १ (एक) |
| ५ | कपिलवस्तु | ३ (तीन) |
| ६ | दाङ | १ (एक) |
| ७ | रोल्पा | १ (एक) |
| ८ | बाँके | १ (एक) |
| ९ | बर्दिया | २ (दुई) |
| **जम्मा** | | **१५ ( पन्ध्र)** |